# मोही ब्रान्डिङ कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

## प्रस्तावना

बुद्धशान्ति गाउँपालिकामा पशुपालन तथा दुग्ध व्यवसायमा संलग्न कृषकहरूको संख्या उल्लेख्य रहेको तथा स्थानीय स्तरमा उत्पादन हुने दूधबाट परम्परागत रूपमा तयार गरिँदै आएको मोही पौष्टिक, स्वास्थ्यवर्धक तथा स्थानीय मौलिक उत्पादनका रूपमा रहेको छ। स्थानीय स्तरमा उत्पादन हुने मोहीलाई स्वच्छ, गुणस्तरीय, आकर्षक तथा बजारयोग्य बनाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्न सकेमा कृषकको दूध बिक्री सुनिश्चित हुनुका साथै स्थानीय रोजगारी, उद्यमशीलता र आयआर्जनमा समेत योगदान पुग्ने देखिन्छ।

हालसम्म स्थानीय स्तरमा उत्पादन तथा बिक्री हुने मोहीको एकरूपता, गुणस्तर, प्याकेजिङ, लेबलिङ, ब्रान्ड पहिचान तथा बजार प्रवर्द्धनमा पर्याप्त ध्यान पुग्न नसकेको अवस्थालाई मध्यनजर गर्दै बुद्धशान्ति गाउँपालिकाले स्थानीय मौलिक उत्पादनको संरक्षण, प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले मोही ब्रान्डिङ कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको हुँदा उक्त कार्यक्रमलाई पारदर्शी, प्रभावकारी, व्यवस्थित र परिणाममुखी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "बुद्धशान्ति गाउँपालिकाको मोही ब्रान्डिङ कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" हुनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भइ स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ग) "शाखा" भन्नाले गाउँपालिकाको पशुपन्छी विकास शाखालाई सम्झनुपर्छ।

(घ) "मोही" भन्नाले स्वच्छ तथा गुणस्तरीय दूध/दहीबाट प्रचलित खाद्य प्रविधि तथा मापदण्डअनुसार तयार गरिएको पेय पदार्थलाई सम्झनुपर्छ।

(ङ) "ब्रान्डिङ" भन्नाले मोहीको नाम, लोगो, पहिचान, प्याकेजिङ, लेबलिङ, प्रचार-प्रसार तथा बजारमा छुट्टै पहिचान कायम गर्ने कार्यलाई सम्झनुपर्छ।

(च) "उद्यमी/उत्पादक" भन्नाले गाउँपालिकाभित्र मोही उत्पादन, प्रशोधन, प्याकेजिङ वा बिक्री वितरण गर्ने व्यक्ति, कृषक समूह, सहकारी, फर्म वा संस्थालाई सम्झनुपर्छ।

(छ) "कार्यक्रम" भन्नाले यस कार्यविधिअन्तर्गत सञ्चालन हुने मोही ब्रान्डिङ कार्यक्रमलाई सम्झनुपर्छ।

## परिच्छेद—२
## कार्यक्रमको उद्देश्य

३. कार्यक्रमका उद्देश्य

कार्यक्रमका प्रमुख उद्देश्यहरू देहायबमोजिम हुनेछन:-

१. बुद्धशान्ति गाउँपालिकामा उत्पादन हुने मोहीको स्थानीय ब्रान्ड पहिचान स्थापना गर्ने।

२. स्थानीय दूध तथा दुग्धजन्य पदार्थको मूल्य अभिवृद्धि गर्ने।

३. कृषकले उत्पादन गरेको दूधको स्थानीय बजार सुनिश्चित गर्न सहयोग गर्ने।

४. स्वच्छ, स्वस्थ तथा गुणस्तरीय मोही उत्पादन तथा बिक्री वितरणलाई प्रोत्साहन गर्ने।

५. मोहीको आकर्षक तथा सुरक्षित प्याकेजिङ र लेबलिङ विकास गर्ने।

६. स्थानीय उत्पादनलाई होटल, रेष्टुरेन्ट, विद्यालय, कार्यालय, पर्यटन क्षेत्र तथा अन्य बजारसँग जोड्ने।

७. स्थानीय युवा तथा महिला उद्यमीलाई मोही उत्पादन तथा बजारीकरणतर्फ आकर्षित गर्ने।

८. बुद्धशान्ति गाउँपालिकाको मौलिक स्थानीय उत्पादनका रूपमा मोहीलाई स्थापित गर्ने।

९. स्थानीय उत्पादनको प्रचार-प्रसार तथा बजार विस्तार गर्ने।

१०. दुग्ध व्यवसायमा संलग्न कृषकहरूको आयआर्जन तथा रोजगारीमा योगदान पुऱ्याउने।

११. बजारमा देखिएका अस्वस्थ्यकर पेय पदार्थहरुलाइ निरुत्साहित गरी नागरिकलाई स्वस्थ्यबर्दक मोहीको उपयोगमा आकर्षित गर्ने ।

## परिच्छेद—३
## कार्यक्रम सञ्चालन तथा कार्यक्षेत्र

४. कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलाप

कार्यक्रमको बजेटबाट स्वीकृत कार्यक्रम तथा उपलब्ध बजेटको सीमाभित्र रही देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ:-

क) मोहीको ब्रान्ड नाम तथा लोगो विकास;

ख) ब्रान्डिङसम्बन्धी डिजाइन तथा प्राविधिक परामर्श;

ग) मोहीका लागि बोतल, कप, प्याकेजिङ सामग्री तथा आवश्यक प्याकेजिङ उपकरण;

घ) आकर्षक तथा खाद्य सुरक्षाको दृष्टिले उपयुक्त लेबल तथा स्टिकर निर्माण;

ङ) उत्पादन मिति, उपभोग्य मिति, ब्याच नं., तौल/परिमाण, उत्पादकको नाम, सम्पर्क आदि विवरण समावेश हुने लेबल विकास;

च) मोही उत्पादन तथा प्रशोधनका लागि आवश्यक आधारभूत उपकरण तथा सामग्री;

छ) सरसफाइ तथा खाद्य स्वच्छतासम्बन्धी सामग्री;

ज) उत्पादक/ उद्यमीका लागि तालिम तथा अभिमुखीकरण;

झ) मोहीको गुणस्तर परीक्षण तथा प्रयोगशाला परीक्षण;

ञ) ब्रान्डिङ तथा बजार प्रवर्द्धनसम्बन्धी प्रचार सामग्री निर्माण;

ट) डिजिटल तथा सामाजिक सञ्जालमार्फत प्रचार—प्रसार;

ठ) स्थानीय मेला, महोत्सव तथा प्रदर्शनीमा मोही प्रवर्द्धन;

ड) बजार परीक्षण तथा नमूना बिक्री कार्यक्रम;

ढ) उत्पादनको बजार व्यवस्थापन तथा बजारीकरणसम्बन्धी अन्य क्रियाकलाप;

ण) कार्यक्रमको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्यहरू।

## परिच्छेद—४
## लाभग्राही छनोट

५. लाभग्राही बन्न सक्ने

देहायका व्यक्ति/संस्था कार्यक्रमका लागि लाभग्राही बन्न सक्नेछन्-

१. बुद्धशान्ति गाउँपालिकाभित्रका दुग्ध उत्पादक कृषक;

२. कृषक समूह;

३. कृषि तथा दुग्ध सहकारी संस्था;

४. महिला तथा युवा उद्यमी;

५. प्रचलित कानूनबमोजिम दर्ता भएका मोही उत्पादन तथा प्रशोधन गर्ने फर्म/उद्यम;

६. स्थानीय स्तरमा सामूहिक रूपमा मोही उत्पादन तथा बजारीकरण गर्न इच्छुक संस्था।

६. लाभग्राहीका न्यूनतम मापदण्डः-

क) बुद्धशान्ति गाउँपालिकाभित्र व्यवसाय सञ्चालन गरेको हुनुपर्ने;

ख) मोही उत्पादन तथा बजारीकरण गर्ने स्पष्ट योजना भएको हुनुपर्ने;

ग) खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्ने प्रतिबद्धता भएको हुनुपर्ने;

घ) आवश्यकतानुसार सम्बन्धित निकायमा दर्ता/सूचीकृत भएको हुनुपर्ने;

ङ) गाउँपालिकाले तोकेका अन्य मापदण्ड पूरा गरेको हुनुपर्ने।

## परिच्छेद—५
## आवेदन तथा छनोट प्रक्रिया

७. सूचना प्रकाशन

कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले आवश्यकताअनुसार कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।

सूचनामा देहायका विवरण उल्लेख गरिनेछ ।

- कार्यक्रमको नाम;
- कार्यक्रमको उद्देश्य;
- उपलब्ध बजेट;
- लाभग्राहीको योग्यता;
- पेश गर्नुपर्ने कागजात;
- आवेदन दिने स्थान/माध्यम;
- आवेदनको अन्तिम मिति;
- छनोटका आधार;
- सम्पर्क व्यक्ति/शाखा।

८. आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः-

१. निवेदन;

२. संस्था/फर्म/समूह/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कार्यसमितिको निर्णयको प्रतिलिपि

३. PAN/VAT दर्ता प्रमाणपत्र (लागू हुने अवस्थामा);

४. सम्बन्धित स्थानीय तहमा व्यवसाय सञ्चालन भएको प्रमाण;

५. सञ्चालक/अध्यक्षको नागरिकताको प्रतिलिपि;

६. कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव;

७. अनुमानित लागत विवरण;

८. बैंक खाता विवरण;

९. कर चुक्ता प्रमाणपत्र, कानूनबमोजिम आवश्यक भएमा;

१०. गाउँपालिकाले तोकेका अन्य आवश्यक कागजात।

## परिच्छेद—६

## प्रस्ताव मूल्याङ्कन तथा छनोट

९. प्रस्ताव मूल्याङ्कन समिति

प्रस्ताव मूल्याङ्कन तथा लाभग्राही छनोटका लागि देहायबमोजिम समिति गठन गर्न सकिनेछ—

संयोजकः आर्थिक बिकास समिति संयोजक

सदस्यः आर्थिक बिकास समितिका सदस्य-सदस्य

सदस्यः कृषि बिकास शाखाको प्रमुख

सदस्य-सचिवः पशुपन्छी विकास शाखाको प्रमुख

आवश्यकतानुसार विषय विज्ञ तथा यसै प्रकृतिको कार्यक्रम सञ्चालन गरिरहेका संस्थालाई आमन्त्रण गर्न सकिनेछ।

१०. मूल्याङ्कनका आधार

१. प्रस्ताव मूल्याङ्कन गर्दा देहायका आधारमा अंक प्रदान गर्न सकिनेछ—

| क.सं. | मूल्याङ्कनको आधार | अधिकतम अंक |
|---|---|---|
| १ | मोही उत्पादन तथा व्यवसाय सञ्चालनको अवस्था | १५ |
| २ | स्थानीय दूधको प्रयोग तथा कृषकसँगको सम्बन्ध | १५ |
| ३ | ब्रान्डिङ तथा बजारीकरण योजना | २० |
| ४ | खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्ने योजना | १५ |
| ५ | रोजगारी तथा स्थानीय अर्थतन्त्रमा योगदान | १० |
| ६ | लागत सहभागिता | १० |
| ७ | दिगोपना तथा व्यवसाय विस्तारको सम्भावना | १५ |
| जम्मा | | १०० |

२. आवश्यकतानुसार गाउँपालिकाले स्वीकृत गरेको कार्यक्रमको प्रकृतिअनुसार मूल्याङ्कनका आधार तथा अंकमा परिमार्जन गर्न सकिनेछ।

३. प्राप्त आवेदनहरुलाई माथि उल्लेखित अंकभारका आधारमा मूल्याङ्कन गरी सो मध्ये बढि अङ्क प्राप्त गर्ने आवेदकलाई छनौट गरी नतिजालाई कार्यपालिकामा स्वीकृतका लागि पेश गर्नुपर्नेछ ।

## परिच्छेद—७
## ब्रान्डिङ तथा प्याकेजिङ

११. ब्रान्ड विकास

(१) गाउँपालिकाले मोहीको स्थानीय पहिचान झल्कने गरी उपयुक्त ब्रान्ड नाम, लोगो तथा पहिचान चिन्ह विकास गर्न सक्नेछ।

(२) ब्रान्ड विकास गर्दा बुद्धशान्ति गाउँपालिकाको स्थानीय पहिचान, दुग्ध उत्पादन, कृषि तथा ग्रामीण मौलिकता झल्किने विषयलाई प्राथमिकता दिइनेछ।

(३) विकास गरिएको ब्रान्ड नाम तथा लोगोको प्रयोग सम्बन्धी अधिकार गाउँपालिकाले आवश्यकतानुसार निर्धारण गर्नेछ।

१२. प्याकेजिङ तथा लेबलिङ

मोहीको प्याकेजिङ तथा लेबलिङ गर्दा प्रचलित खाद्य सुरक्षा तथा सम्बन्धित मापदण्डको पालना गर्नुपर्नेछ।

लेबलमा सम्भव भएसम्म देहायका विवरण राखिनेछ—

- ब्रान्ड नाम;
- उत्पादनको नाम;
- शुद्ध परिमाण;
- उत्पादन मिति;
- उपभोग्य मिति;
- ब्याच नम्बर;
- उत्पादक/उद्यमीको नाम;
- ठेगाना;
- सम्पर्क नम्बर;
- आवश्यक पोषणसम्बन्धी विवरण;
- भण्डारण विधि;
- आवश्यक चेतावनी/निर्देशन;
- सम्बन्धित कानूनी तथा नियामक विवरण।

## परिच्छेद—८
## अनुदान तथा लागत सहभागिता

१३.गाउँपालिकाले स्वीकृत बजेटको सीमाभित्र रही उपलब्ध गराउन सकिने सहयोगः-

क) ब्रान्ड डिजाइन;

ख) प्याकेजिङ सामग्री;

ग) लेबल तथा स्टिकर;

घ) आवश्यक उपकरण;

ङ) गुणस्तर परीक्षण;

च) तालिम;

छ) प्रचार—प्रसार;

ज) बजार प्रवर्द्धन;

झ) अन्य स्वीकृत क्रियाकलापमा सहयोग उपलब्ध गराउन सक्नेछ।

१४. लागत सहभागिता

(१) कार्यक्रमको प्रकृति र बजेट अनुसार गाउँपालिकाले तोकेको प्रतिशतमा लाभग्राहीको लागत सहभागिता रहनेछ।

(२) लाभग्राहीको लागत सहभागिता नगद गाउँपालिकाले तोकेको बैङ्क खातामा जम्मा गरी सो को भौचर पेश गर्नुपर्नेछ ।

(३) लाभग्राहीले व्यहोर्नुपर्ने लागत सहभागिता रकम/योगदान कार्यक्रम सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरिनेछ।

## परिच्छेद—९
## सम्झौता तथा कार्यक्रम कार्यान्वयन

१५. सम्झौता

छनोट भएका लाभग्राहीसँग गाउँपालिकाले देहायको ढाँचा अनुसार सम्झौता गर्नेछ।

१. कार्यक्रमको नाम;

२. कुल लागत;

३. गाउँपालिकाको योगदान;

४. लाभग्राहीको योगदान;

५. कार्यक्रम सम्पन्न गर्नुपर्ने अवधि;

६. खरिद तथा खर्चसम्बन्धी व्यवस्था;

७. गुणस्तरसम्बन्धी व्यवस्था;

८. अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्था;

९. ब्रान्ड तथा प्याकेजिङ प्रयोगसम्बन्धी व्यवस्था;

१०. सम्झौता उल्लङ्घन भएमा हुने कारबाही।

## परिच्छेद—१०
## खरिद तथा भुक्तानी

१६. खरिदसम्बन्धी व्यवस्था

कार्यक्रमअन्तर्गत हुने सम्पूर्ण खरिद तथा खर्च प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून, आर्थिक कार्यविधि तथा गाउँपालिकाका प्रचलित नियम/ कार्यविधि बमोजिम गर्नुपर्नेछ।

१८. कार्यक्रमको निरन्तरता

बुद्धशान्ति गाउँपालिकाले मोहीको वजारीकरण ब्राण्डिङ तथा दुध तथा दुधजन्य पदार्थको उत्पादनका लागी निरन्तरता दिन वजेटको ब्यवस्थापन गर्न सक्नेछ ।

१७. भुक्तानी

कार्यक्रम सम्पन्न भएपछि देहायका आधारमा भुक्तानी गरिनेछः-

- सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भएको प्रमाण;
- बिल/भरपाई;
- खरिदसम्बन्धी आवश्यक कागजात;
- कार्यसम्पन्न प्रतिवेदन;

- अनुगमन प्रतिवेदन;
- फोटो तथा अन्य प्रमाण;
- सम्बन्धित प्राविधिकको सिफारिस;
- अन्य आवश्यक कागजात।

भुक्तानी प्रचलित आर्थिक कानूनअनुसार बैंक खाता मार्फत मात्र गरिनेछ।

## परिच्छेद—११
## गुणस्तर तथा खाद्य स्वच्छता

१८. गुणस्तर कायम गर्नुपर्ने

मोही उत्पादन तथा बिक्री गर्ने लाभग्राहीले—

क) स्वच्छ तथा गुणस्तरीय दूध प्रयोग गर्नुपर्ने;

ख) उत्पादनस्थल सफा राख्नुपर्ने;

ग) उत्पादनमा स्वच्छ पानी प्रयोग गर्नुपर्ने;

घ) आवश्यक सरसफाइका उपाय अवलम्बन गर्नुपर्ने;

ङ) खाद्य सुरक्षा तथा गुणस्तरसम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्ने;

च) प्याकेजिङ तथा भण्डारणमा आवश्यक तापक्रम तथा स्वच्छता कायम गर्नुपर्ने;

छ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने सामग्री प्रयोग गर्न नहुने।

## परिच्छेद—१२
## अनुगमन तथा मूल्याङ्कन

१९. अनुगमन

- गाउँपालिकाले कार्यक्रमको कार्यान्वयन अवस्था, आवश्यक सरसफाइ,गुणस्तर, खर्च, उत्पादन, प्याकेजिङ, ब्रान्डिङ तथा बजार प्रवर्द्धनको अवस्थाको नियमित अनुगमन गर्न सक्नेछ।
- अनुगमनका क्रममा आवश्यक देखिएमा सुधारका लागि निर्देशन दिन सकिनेछ।

२०. अनुगमन टोली

देहायका प्रतिनिधि सम्मिलित अनुगमन टोली गठन गरीनेछ ।

- गाउँपालिका उपाध्यक्ष
- आर्थिक बिकास समितिको संयोजक
- कार्यक्रम हेर्ने शाखाको शाखा प्रमुख
- कृषि बिकास शाखा प्रमुख
- योजना शाखाको प्रतिनिधि;
- सम्बन्धित वडा कार्यालयको प्रतिनिधि;
- आवश्यकता अनुसार अन्य विज्ञ थप गर्न सकिनेछ ।

## परिच्छेद—१३
## लाभग्राहीको दायित्व

२१. लाभग्राहीको दायित्व

१. सम्झौताबमोजिम कार्यक्रम सम्पन्न गर्नुपर्ने;

२. गाउँपालिकाबाट प्राप्त सहयोग तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नुपर्ने;

३. मोहीको गुणस्तर तथा खाद्य स्वच्छता कायम गर्नुपर्ने;

४. ब्रान्ड तथा लोगोको दुरुपयोग गर्न नहुने;

५. उत्पादन तथा बिक्रीसम्बन्धी अभिलेख राख्नुपर्ने;

६. गाउँपालिकाले माग गरेको विवरण तथा प्रतिवेदन उपलब्ध गराउनुपर्ने;

७. अनुगमनका क्रममा आवश्यक सहयोग गर्नुपर्ने;

८. उपभोक्तालाई गलत वा भ्रमपूर्ण जानकारी दिन नहुने।

९. योजनाको नाम लागत सहभागिता कार्यान्वयन गर्ने समिति झल्कने गरी  सूचना पाटी राख्नुपर्नेछ ।

## परिच्छेद—१४
## अभिलेख तथा प्रतिवेदन

२२. अभिलेख राख्नुपर्ने

कार्यक्रममा सहभागी उद्यमी/संस्थाले देहायका अभिलेख राख्नुपर्नेछ—

- दूध खरिद अभिलेख;
- मोही उत्पादन अभिलेख;
- प्याकेजिङ तथा बिक्री अभिलेख;
- खर्च अभिलेख;
- बजार तथा बिक्री विवरण;
- अन्य आवश्यक अभिलेख।

२३. कार्यसम्पन्न प्रतिवेदन

कार्यक्रम सम्पन्न भएपछि लाभग्राहीले गाउँपालिकामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।
प्रतिवेदनमा कम्तीमा देहायका विषय समावेश गर्नुपर्नेछ—

- कार्यक्रमको परिचय;
- सञ्चालन गरिएको गतिविधि;
- कुल खर्च;
- गाउँपालिकाको सहयोग;
- लाभग्राहीको योगदान;
- उत्पादन तथा बिक्री विवरण;
- उपलब्धि;
- समस्या तथा चुनौती;
- आगामी योजना;
- फोटोहरू।

## परिच्छेद—१५
## कारबाही तथा रकम असुली

२४. रकम दुरुपयोग भएमा

गाउँपालिकाबाट प्राप्त रकम सम्झौताविपरीत प्रयोग गरेको, झुट्टा विवरण पेश गरेको वा कार्यक्रम सञ्चालन नगरी अनुदान लिएको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम रकम असुलउपर गरी आवश्यक कारबाही गरिनेछ।

## परिच्छेद–१६
## विविध

२५. ब्राान्डको संरक्षण

१. गाउँपालिकाको सहयोगमा विकास गरिएको मोहीको ब्रान्ड, लोगो तथा पहिचानलाई व्यवस्थित रूपमा प्रयोग गरिनेछ। ब्रान्डको गुणस्तर तथा प्रतिष्ठामा असर पर्ने गरी प्रयोग गर्न पाइने छैन ।

२. ब्रान्डको गुणस्तर तथा प्रतिष्ठामा असर पर्ने गरी कार्य गरेको पाइएमा अनुगमन समितिको सिफारिसका आधारमा कार्यपालिकाले आवश्यक कारवाही सम्वन्धी निर्णय गर्नेछ ।

२६. कार्यक्रमको दिगोपना

कार्यक्रमबाट सहयोग प्राप्त गर्ने उद्यमी/संस्थाले गाउँपालिकाको सहयोग समाप्त भएपछि पनि मोही उत्पादन तथा बजारीकरणलाई निरन्तरता दिनुपर्नेछ।

२७. कार्यविधि संशोधन

यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै विषय स्पष्ट नभएमा वा संशोधन गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही आवश्यक संशोधन गर्न सक्नेछ।

२८. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२९. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएका विषयहरू प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची–१

मोही ब्रान्डिङ कार्यक्रमका लागि आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मितिः
बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापा।

विषय : मोही ब्रान्डिङ कार्यक्रममा सहभागी हुन पाऊँ।

महोदय,
यस गाउँपालिकाबाट सञ्चालित मोही ब्रान्डिङ कार्यक्रमअन्तर्गत सहभागी हुन इच्छुक भएकोले आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु।

आवेदकको विवरण

१. संस्था/फर्म/समूहको नाम : ..........................
२. ठेगाना : वडा नं. ..............
३. अध्यक्ष/सञ्चालकको नाम : ..........................
४. सम्पर्क नं. : ..........................
५. दर्ता नं. : ..........................
६. PAN नं. : ..........................
७. हालको मोही उत्पादन क्षमता : ..........................
८. दैनिक दूध खपत : ..........................
९. अनुमानित दैनिक मोही उत्पादन : ..........................
१०. बजार क्षेत्र : ..........................
११. कुल अनुमानित लागत : रु. ..........................
१२. माग गरिएको गाउँपालिकाको सहयोग : रु. ..........................
१३. लाभग्राहीको लागत सहभागिता : रु. ..........................

संलग्न कागजातहरू :

☐ दर्ता प्रमाणपत्र
☐ PAN/VAT
☐ नागरिकता
☐ प्रस्ताव
☐ लागत अनुमान
☐ बैंक खाता विवरण
☐ अन्य ....................................

आवेदकको नाम : ..........................
पद : ..........................
हस्ताक्षर : .......................... मिति : ..........................

## अनुसूची—२
## कार्यक्रम सम्झौताको संक्षिप्त ढाँचा

बुद्धशान्ति गाउँपालिका र ......................................... बीच मोही ब्रान्डिङ कार्यक्रम सञ्चालनका लागि देहायबमोजिम सम्झौता गरियो।

कुल कार्यक्रम लागत : रु. ....................

गाउँपालिकाको योगदान : रु. ....................

लाभग्राहीको योगदान : रु. ....................

कार्यक्रम सम्पन्न गर्ने अवधि : ....................

सम्झौताका पक्षहरूले यस कार्यविधि तथा प्रचलित कानूनको पालना गर्नेछन्।

गाउँपालिकाको तर्फबाट

नाम :

पद :

हस्ताक्षर :

मिति :

लाभग्राहीको तर्फबाट

नाम :

पद :

संस्था :

हस्ताक्षर :

मिति :

साक्षी

१. ....................

२. ....................

मिति २०../../..

अनुसूची—३

कार्यसम्पन्न प्रतिवेदनको ढाँचा

१. कार्यक्रमको नाम : मोही ब्रान्डिङ कार्यक्रम

२. लाभग्राहीको नाम : ....................

३. कार्यक्रम सञ्चालन स्थान : ....................

४. सम्झौता रकम : ....................

५. गाउँपालिकाको योगदान : ....................

६. लाभग्राहीको योगदान : ....................

७. सञ्चालन गरिएका प्रमुख गतिविधि :

- ......................................
- ......................................
- ......................................

८. उत्पादन क्षमता : ....................

९. बजार क्षेत्र : ....................

१०. ब्रान्डिङबाट प्राप्त उपलब्धि : ....................

११. समस्या/चुनौती : ....................

१२. आगामी योजना : ....................

१३. संलग्न फोटो :

फोटो—१ : ........................................

फोटो—२ : ........................................

फोटो—३ : ........................................

फोटो—४ : ........................................

प्रतिवेदन पेश गर्नेको—

नाम : ....................

पद : ....................

हस्ताक्षर : ....................

अनुसूची -४

कार्यक्रम प्रस्तावना

कार्यक्रमको नाम-
कार्यक्रम सञ्चालन गर्ने संस्था —
कार्यक्रम सञ्चालन हुने स्थान-
कार्यक्रमको कुल लागत
माग गरिएको अनुदान रकम —
लागत सहभागी वापतको रकम —
लागत सहभागिताको श्रोत —
कार्यक्रम सञ्चालन हुने अवधी —
काम सम्पन्न हुने मिति-
लाभान्वित कृषक सङ्ख्या
कार्यक्रमको मुख्य उद्धेश्य —

कार्यक्रमको अपेक्षित उपलब्धी

भौतिक पुर्बाधारको अवस्था-
प्रस्तावित कार्यक्रम

| क स | क्रियाकलाप | इकाई | परिमाण | कुल लागत | लाभग्राहीको लागत सहभागिता | गाउँपालिकाबाट प्राप्त हुन सक्ने अनुदान |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदकको नाम-
पद-
ठेगाना-
सम्पर्क नं-
हस्ताक्षर -

आज्ञाले
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत